संवत् २०८० साल चैत २० गते बसेको कार्यपालिकाको १४औं बैठकका निर्णयहरु:

बैठकका प्रस्तावहरू:

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. कार्यविधि पारित सम्बन्धमा।

३. अध्यक्ष कप सञ्चालन सम्बन्धमा।

४. विविध सम्बन्धमा।

बैठकका निर्णयहरु:

१. अघिल्लो कार्यपालिका बैठकमा गरिएका निर्णय उपर छलफल गरी समिक्षा गरीयो।

२. **कार्यविधि पारित सम्बन्धमा:** देहायको कार्यविधिहरु पारित गर्ने।

(क) लुङ्ग्री गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई स्थापना, संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यबिधि, २०८०

(ख) लुङ्ग्री गाउँपालिकाको नगर प्रहरी पदपूर्ति तथा परिचालन कार्यविधि, २०८०

(ग) लुङ्ग्री गाउँपालिकाको अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि, २०८०

३. **अध्यक्ष कप सञ्चालन सम्बन्धमा:** गाउँ कार्यपालिकाको बैठक संख्या ११ मिति २०८०/१०/११ गतेको निर्णयानुसार निर्धारण गरीएको अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालनका लगि देहायको खेलकुद सञ्चालन गर्ने गरी सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्ने।

(क) श्री जोख बहादुर बुढाथोकी, ५ नं वडा अध्यक्ष - संयोजक

(ख) श्री गणेश पुन, १ नं वडा अध्यक्ष - सदस्य

(ग) श्री हिरा बहादुर पुन, ७ नं वडा अध्यक्ष - सदस्य

(घ) श्री दिपा कुमारी बिष्ट, स्वास्थ्य सह-संयोजक - सदस्य

(ङ) श्री सुन्दर बहादुर घर्ती, रोजगार संयोजक - सदस्य

(च) ई. कमलमान खड्का, पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

(छ) श्री तत्सत पोखेल, खेल प्रशिक्षक प्रतिनिधि - सदस्य

(ज) श्री विकास घर्तीमगर, यूवा परिषद् प्रतिनिधि - सदस्य

(झ) श्री केशव बहादुर बिष्ट, क्लव प्रतिनिधि - सदस्य

(ञ) श्री याम बहादुर रोका, शिक्षक प्रतिनिधि - सदस्य

(ट) श्री भेष बहादुर बिष्ट, शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

अध्यक्ष कप खेलकुद प्रतियोगितामा सञ्चालन हुने खेलहरु:

| क्र.सं. | प्रतियोगिताको नाम | सहभागी हुने खेलाडी तथा टिम | कैफियत |
|---|---|---|---|
| १ | पुरुष भलिबल प्रतियोगिता | सम्बन्धित वडाका खेलाडी सहभागी हुनेगरी प्रत्येक वडाबाट १/१ टिम | |
| २ | महिला भलिबल प्रतियोगिता | सम्बन्धित वडाका खेलाडी सहभागी हुनेगरी प्रत्येक वडाबाट १/१ टिम | |
| ३ | पुरुष फुटबल प्रतियोगिता | सम्बन्धित वडाका खेलाडी सहभागी हुनेगरी प्रत्येक वडाबाट १/१ टिम | |

लुङ्ग्री गाउँपालिकाको कार्यालय बडाचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

जीत बहादुर परियार (प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा गा.पा.अध्यक्ष

| | | | |
|---|---|---|---|
| ४ | माध्यामिक तह वक्तृत्वकला प्रतियोगिता | प्रत्येक माध्यामिक बिद्यालयबाट १ जना छात्र १ जना छात्रा सहभागी हुने | |
| ५ | आधारभूत तह हाजिरीजवाफ प्रतियोगिता | प्रत्येक प्राथमिक बिद्यालयबाट कम्तिमा १ जना छात्रा हुनेगरी ३ जनाको १/१ टिम | |
| ६ | पुरुष क्रिकेट प्रतियोगिता | सम्बन्धित पालिकाबाट खेलाडी सहभागी हुनेगरी रोल्पा जिल्ला भित्रका प्रत्येक स्थानीय तहबाट १/१ टिम | |

४. **भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना तयारी सम्बन्धमा:** नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५१३, मिति २०८०/१२/०९ को प्राप्त पत्रानुसार भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक तथा प्रबर्द्धनात्मक क्रियाकलाप एवम् भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय दिवस मनाउनका लागि रणनीति निर्माण तथा कार्ययोजना तयारी गर्नुपर्ने भएकोले उक्त रणनीति निर्माण तथा कार्ययोजना तयारीका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने।

५. विविध सम्बन्धमा: देहायका विविध प्रस्तावहरुमा निर्णय गरीयो।

(क) रोल्पा जिल्ला समन्वय समितिको कार्यालय, लिबाङको च.नं. १११ मिति २०८०/१२/१९ को प्राप्त पत्रानुसार महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नं १३२५ र १८२० को दोस्रो कार्ययोजना कार्यान्वयन गर्न देहाय बमोजिम एक स्थानीय कार्यन्वयन समति गठन गर्ने:

- ❖ श्री भरत कुमार थापा, गा.पा. अध्यक्ष - संयोजक
- ❖ श्री लेपेन्द्र बहादुर बुढाथोकी, स्वास्थ्य संयोजक - सदस्य
- ❖ श्री कल्पना सुवेदी, सहायक महिला विकास निरिक्षक - सदस्य
- ❖ श्री नमराज रोका, बेपत्ता, घाइते, शहिद प्रतिनिधि - सदस्य
- ❖ श्री केशव भुसाल, गैर सरकारी संस्था प्रतिनिधि - सदस्य
- ❖ श्री जीत बहादुर परियार, प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(ख) लुङग्री गाउँपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रमको मस्यौदा उपर कार्यपालिका सदस्य सबैले अझै थप गहन अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पुनः छलफल गरी पारीत गर्ने।

(ग) लुङग्री गाउँपालिकाको हाल सम्मको योजना सम्झौता तथा कार्यन्वयनको अवस्था बारे समिक्षा गरिएको र चालु आर्थिक वर्षमा विनियोजित बजेट कार्यन्वयनका लागि सम्झौता गर्न बाँकी रहेका योजनाहरु मिति २०८०/१२/३० गते भित्र अनिवार्य सम्झौता गर्न सबैलाई जानकारी गराउने।

(घ) लुङग्री गाउँपालिकाको नाफा रहित तथा सेवा सहितको सहुलियत पसल सञ्चालन सम्बन्धी कार्यविधि, २०८० बमोजिम देहायका समितिहरु गठन गर्ने।

<u>सञ्चालन तथा व्यवस्थापन समिति:</u>

- ❖ श्री सुन्दर बहादुर घर्ती, रोजगार संयोजक - संयोजक
- ❖ श्री लेपेन्द्र बहादुर बुढाथोकी, स्वास्थ्य संयोजक - सदस्य
- ❖ श्री राम बहादुर के.सी., पशु प्राविधिक - सदस्य
- ❖ श्री निशा श्रेष्ठ, पशुपन्छी विकास शाखा प्रमुख - सदस्य
- ❖ श्री हिमालय थापा, एम.आइ.एस. अपरेटर - सदस्य
- ❖ श्री जानकी माझी, उद्यम विकास सहजकर्ता - सदस्य
- ❖ श्री पसल कर्मचारी - सदस्य सचिव

<u>अनुगमन तथा परामर्श समिति:</u>

- ❖ श्री दिल कुमारी गुरुङ, गा.पा. उपाध्यक्ष - संयोजक
- ❖ श्री वडा अध्यक्षहरु, सबै - सदस्य



जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा
गा.पा.अध्यक्ष

- श्री दिल कुमारी गुरुङ पुन, कार्यपालिका सदस्य - सदस्य
- श्री छविलाल कामी, कार्यपालिका सदस्य - सदस्य
- श्री निमराज सुवेदी, आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
- श्री आदर्श के.सी., योजना शाखा प्रमुख - सदस्य
- श्री भेष बहादुर बिष्ट, शिक्षा शाखा प्रमुख - सदस्य
- श्री गणेश बहादुर बिष्ट क्षेत्री, जिन्सी शाखा प्रमुख - सदस्य सचिव

संरक्षक तथा निर्देशक समितिः

- श्री भरत कुमार थापा, गा.पा. अध्यक्ष - संयोजक
- ई. असिम घिमिरे, सुचना प्रविधि अधिकृत - सदस्य
- श्री पवित्रा कामी, कार्यपालिका सदस्य - सदस्य
- ई. कमलमान खड्का, पूर्वाधार विकास शाखा प्रमुख - सदस्य
- श्री जीत बहादुर परियार, प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(ङ) लुङ्ग्री गाउँपालिकाको कार्यपलिका बैठक संख्या ९ मिति २०८०/१०/०८ गतेको निर्णय नं ३ को निर्णय अनुसार ९ लाखको ५ वटा बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माणका गर्ने भनि निर्णय भएकोमा थप लुङ्ग्री गा.पा. वडा नं ५, गोठेखर्कमा पर्ने सामुदायिक स्वास्थ्य इकाईमा रहेको बर्थिङ सेन्टरमा पनि प्लासिन्टा पिट निर्माण गर्न अत्यावस्यक देखिएकोले सोहि बजेटबाट देहायका बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण गर्ने।

देहायः

| क्र.सं. | योजनाको नाम | लागत रु. | कार्यान्वयन स्थल | कैफियत |
|---|---|---|---|---|
| १ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,५०,०००/- | लुङ्ग्री ०३,जुतुङखोला | |
| २ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,५०,०००/- | लुङ्ग्री ०४,नम्जा | |
| ३ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,५०,०००/- | लुङ्ग्री ०१, ऐपे | |
| ४ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,५०,०००/- | लुङ्ग्री ०७,छहेखुङ | |
| ५ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,५०,०००/- | लुङ्ग्री ०१, पाङ | |
| ६ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,५०,०००/- | लुङ्ग्री ५, गोठेखर्क | नयाँ थप |
| | जम्मा | ९,००,०००/- | | |

(क) लुङ्ग्री गाउँपालिका, वडा नं ६, बेरीमा रहेको सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माणका लागि लुङ्ग्री ६ (साबिक गुम्चाल गाविस वडा नं ०९) बेरी बस्ने जग्गाधनी श्री जगे रोकाको नाममा मालपोत कार्यालय, रोल्पामा दर्ता स्रेस्ता कायम रहेको कि.नं. ४१६, क्षेत्रफल ०१०६० वर्ग मिटरबाट कित्ताकाट गरी उत्तर तर्फको क्षेत्रफल ००१३० वर्गमिटर जग्गाको मूल्य रु २७,३००/- (अक्षरेपी सत्ताइस हजार तिन सय मात्र) मा स्थानीय क्लब तथा समूहहरुबाट सामुदायिक स्वास्थ्य इकाइ स्थापना एवं सञ्चालनका लागि खरिद गरिएको हुनाले उक्त जग्गा सामुदायिक स्वास्थ्य इकाइ, बेरीको नाममा स्वामित्व हस्तान्तरणका लागि लुङ्ग्री गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री लेपेन्द्र बहादुर बुढाथोकीलाई यस कार्यालयको तर्फबाट आधिकारीक प्रतिनिधिको रुपमा खटाइ पठाउने।

(ख) लुङ्ग्री गाउँपालिका र शहिद परिवार समाज नेपालको साझेदारीमा सञ्चालित परियोजना अन्तर्गत यूवा उद्यमी व्यवसाय प्रर्वद्धनका लागि देहाय बमोजिम छनौट भएका यूवा उद्यमीहरुलाई सिफारिस गर्ने।

देहायः

| क्र.सं. | यूवा उद्यमीहरुको नाम थर | ठेगाना | व्यवसाय |
|---|---|---|---|
| १ | श्री भरत बहादुर घर्ती | लुङ्ग्री १ रोल्पा | फलफुल तथा नर्सरी खेती |
| २ | श्री गिर बहादुर पुन | लुङ्ग्री १ रोल्पा | बाख्रापालन |
| ३ | श्री गोपिचन खड्का | लुङ्ग्री २ रोल्पा | बाख्रापालन |

लुङ्ग्री गाउँपालिकाको कार्यालय, बडाचौर, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल, स्था. २०७३

जीत बहादुर परियार (प्रमुख प्रशासकीय अधिकृत)



भरत कुमार थापा, गा.पा.अध्यक्ष

| | | | |
|---|---|---|---|
| ४ | श्री रेश्मी पुनमगर | लुङ्ग्री २ रोल्पा | बाखापालन |
| ५ | श्री श्यामलाल घर्ती | लुङ्ग्री ३ रोल्पा | तरकारी खेती |
| ६ | श्री अमृत खड्का | लुङ्ग्री ३ रोल्पा | बाखापालन |
| ७ | श्री शिबराम खड्का | लुङ्ग्री ३ रोल्पा | बाखापालन |
| ८ | श्री पुस्कर केसी | लुङ्ग्री ४ रोल्पा | बाखापालन |
| ९ | श्री खुमा बिष्ट | लुङ्ग्री ४ रोल्पा | बाखापालन |
| १० | श्री ईश्वरी खत्री | लुङ्ग्री ४ रोल्पा | बाखापालन |
| ११ | श्री दिलकुमारी खड्का | लुङ्ग्री ४ रोल्पा | बाखापालन |
| १२ | श्री केशरी बिष्ट | लुङ्ग्री ४ रोल्पा | बाखापालन |
| १३ | श्री रनसरी रोकामगर | लुङ्ग्री ५ रोल्पा | बाखापालन |
| १४ | श्री नरे नेपाली | लुङ्ग्री ७ रोल्पा | बाखापालन |
| १५ | श्री सुष्मा नेपाली | लुङ्ग्री ७ रोल्पा | बाखापालन |
| १६ | श्री सुन्तली रोका | लुङ्ग्री ७ रोल्पा | बाखापालन |
| १७ | श्री गौमती पुनमगर | लुङ्ग्री ७ रोल्पा | तरकारी खेती |

(ग) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद २, दफा ३.३.२ (ख) व्यवस्था अनुसार गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने एवम् विषय उप क्षेत्रगत रुपमा तयार मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत रूपमा एकीकृत गरी विषयगत समिति समक्ष पेश गर्ने प्रयोजनका लागि देहायअनुसारको प्राविधिक समिति (कार्यदल) गठन गर्ने

देहायः

- श्री प्रमुख प्रशासकीय अधिकृत - संयोजक
- श्री विषयगत शाखा प्रमुखहरु, सबै - सदस्य
- श्री योजना शाखा प्रमुख - सदस्य सचिव

<u>निर्णय प्रमाणित गरीएको छ।</u>

लुङ्ग्री गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बडाचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल स्था.२०७३

[signature] ... बहादुर ...रियार (प्रमुख प्रशासकीय अधिकृत)

[signature] भरत कुमार थापा गा.पा.अध्यक्ष